# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हनुमानचोक बुड्ढी, कपिलवस्त
## लुम्बिनी प्रदेश, नेपाल

**आन्तरिक आय संकलन सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सुचना**

प्रथम पटक प्रकाशित मिति २०७९/३/१४

स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी बुद्धभूमि नगरपालिका अन्तर्गत रहेको तपशिल बमोजिमका तालहरु नगर कार्यपालिकाको मिति २०७९।३।३ को निर्णयको आधारमा व्यावसायिक माछापालन प्रयोजनको लागी न्यूनतम ठेक्का अंकमा नघटने गरी ७ बर्ष (२०७९ देखि २०८६ ) सम्मको लागि ठेक्का व्यवस्थापन गर्नु पर्ने भएको हुँदा मूल्य अभिवृद्धि करमा दर्तावाल इच्छुक व्यक्ति, फर्म, कम्पनीहरुबाट आफूले लिन चाहेको ठेक्काको बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने गरी बुद्धभूमी नगरपालिकाको नाममा श्री एन.एम.बी बैंक गोरुसिंगे शाखामा रहेको आन्तरिक राजस्व खाता ०४४००५५९९७६०००१२ वा राजस्व शाखामा बुझाई छुट्टाछुट्टै बोलपत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुने धरौटी बापतको रकमा बुद्धभूमी नगरपालिकाको नाममा श्री एन.एम.बी बैंक गोरुसिङ्गेमा रहेको खाता नं. ०४४००५५९९७६०००४१ मा जम्मा गरी सोको सक्कल भौचर वा १२० दिनसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको कार्यसम्पादन जमानत बोलपत्र साथ पेश गर्नुहुनु सम्बन्धित सबैको जानकारीको लागि १५ दिने यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र स्वीकृत वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ । सूचनामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/ Website वा राजस्व शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल :</u>

| क्र.स. | ठेक्का नं. | तालको नाम र ठेगाना | न्युनतम अंक | ठेक्का अवधि | शिलबन्दी बोलपत्र फाराम दस्तुर | बैक जमानत पत्र |
|---|---|---|---|---|---|---|
| १ | 15/BM/REV/2078/079 | गेल्बार ताल, बुद्धभूमि नगरपालिका वडा नं. ४ | रु. ८,४०,०००। | ७ बर्ष | १०००। फिर्ता नहुने | १२० दिन |

केशव ... प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु:

१. ठेक्का कबोल अंकको १५% रकम पहिलो वर्ष पहिलो किस्ता बापत भुक्तानी गरेपछि मात्र ठेक्का सम्झौता हुनेछ । तालको ठेक्काको बाँकी रकम देहायबमोजिम भुक्तानी गर्नुपर्नेछ । सम्झौता अवधि सम्झौता गरेको मितिले सात वर्षको हुनेछ ।

| सि.न. | किस्ता बुझाउने समय | किस्ता बापतको रकम |
|---|---|---|
| १ | सम्झौता गर्नुभन्दा पूर्व पहिलो वर्षको शुरुवात | कुल कबोल अंकको १५ प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क । |
| २ | सम्झौता पछिको दोस्रो बर्षको शुरुवात | कुल कबोल अंकको १५ प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क । |
| ३ | सम्झौता पछिको तेस्रो वर्षको शुरुवात | कुल कबोल अंकको २० प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क । |
| ४ | सम्झौता पछिको चौथो वर्षको शुरुवात | कुल कबोल अंकको २० प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क । |
| ५ | सम्झौता पछिको पाँचौ वर्षको शुरुवात | कुल कबोल अंकको १५ प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क । |
| ६ | सम्झौता पछिको छैठौं वर्षको शुरुवात | कुल कबोल अंकको १५ प्रतिशत तथा सोमा लाग्ने कर, दस्तुर तथा अन्य शुल्क । |
| | जम्मा | १००% |

२. सूचना प्रकाशन भएको मितिले १५ औं दिनभित्र खरिद गरी १६ औं दिनको १२: ०० बजे सम्म यस कार्यालयमा दर्त गर्नुपर्नेछ । सोही दिनको २:०० बजे बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३. रीतपुर्वक पेश भएका सबै भन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताले कबुल गरेको रकम र सो मा लाग्ने कर समेत दाखिला गर्न ७ दिनको म्याद दिईएको सुचना प्रकाशित गरिने छ । सोही सुचनाको आधारमा सम्झौताको लागी ७ दिन भित्र कार्यालय समयमा सम्झौताको लागी निवेदन पेश गर्नु पर्नेछ ।

४. तोकिएको समयमा तोकिएको रकम दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम समेत जफत गरी तालको ठेक्का दोस्रो ठुलो अंक कबोल गर्नेलाई दिने वा ठेक्का रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ ।

५. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्न नेपाली नागरिकताको प्रतिलिपि, मू.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नविकरणको प्रमाणपत्र आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ । व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि , प्यानमा दर्ता भएको प्रमाण पेश गरी राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

६. ताल ठेक्का सम्झौता नभएसम्म बोलपत्र पेश गर्ने अन्य बोलपत्रदाताले धरौटी रकम फिर्ता लिन सक्ने छैन । साथै तालको ठेक्का ब्यवस्थापन सम्झौता प्रचालित कानुन बमोजिम हुनेछ ।

७. ठेक्का सदर भए पश्चात आफ्नो नामको ठेक्का अर्को व्यक्ति/फर्मलाई बिक्री गर्न पाईने छैन ।

८. समयमा किस्ता नबुझाएमा धरौटी रकम जफत गरि ठेक्का रद्ध समेत गर्न सकिने छ ।

९. स्थानिय सिँचाईको लागी आवश्यक परेको बखत माछालाई असर नपर्ने गरी पानी दिनु पर्नेछ ।

१०. तालको ठेक्का सम्झौता भईसकेपछि ताल मर्मत सम्भार ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

११. सम्झौता कबुलियतको कुनै शर्त बिपारित काम गरेमा बिचैमा ठेक्का तोड्न सकिनेछ ।

१२. प्रत्येक बर्षको लागि बाँकी किस्ता रकम बापतको बैंक ग्यारेण्टी (कार्यसम्पादन जमानत पत्र) को म्याद समाप्त हुनुभन्दा १५ दिन अगावै

१३. प्रत्येक किस्ता रकम समयमा नै भुक्तानी गरी सक्नु पर्नेछ। अन्यथा बैंक ग्यारेण्टीबाट असुल उपर गरी तालको ठेक्का बदर गरिनेछ।

१४. सुख्खा, बर्षात, कोभिड-१९ तथा अन्य कुनै पनि मानवीय कारणले हुन जाने हानी नोक्सानी प्रति कार्यालय जिम्मेवार हुने छैन र किस्ता रकम मिनाहा दिईने छैन। समयावधि समेत थप गर्न सकिनेछैन।

१५. संरचना निर्माण गर्नु पर्दा कार्यालयसँग स्वीकृति लिई निर्माण गर्नु पर्नेछ। निर्माण गरिएका तालसँग सम्बन्धित संरचनाहरु ठेक्का समाप्ति पश्चात छोड्दाका बखत समेत नभत्काइ, नबिगारी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा छोड्नुपर्नेछ।

१६. माछा निकाल्ने प्रयोजनका लागी पानीको निकास गर्दा सकभर सिँचाईका लागी उपयोगी हुने तरिकाबाट वरपर ग्रामिण वस्तीमा असर नपर्ने गरि गर्नु पर्नेछ।

१७. फर्म, कम्पनी वा ब्यक्तिले ताल परिसरमा नगरपालिकाले तोकेको स्थानमा फिसिङ्ग कार्य संचालन गर्न तथा माछाका आईटम मात्र बिक्री गर्ने गरी अस्थायी संरचना निर्माण गरी माछा आईटम बिक्री गर्न सक्ने छ। उक्त कार्य गर्नका लागी नगरपालिका सँग अनिवार्य रुपमा पुर्व स्वीकृति लिनु पर्नेछ।

१८. तालको अवलोकन गर्न आउने आगन्तुकसँग नगरपालिकाको स्वीकृति बिना दस्तुर लिन पाईने छैन तर माछाको वचावटका लागी आवश्यक पुर्व सावधानी अपनाउन ठेक्का कबोल गर्ने ब्यक्ति/फर्म/कम्पनी लाई वाधा परेको मानिने छैन।

१९. तालको वरिपरीको समुदायसँग समधुर सम्बन्ध कायम गरी ताल ठेक्का व्यवस्थापन गर्नुपर्नेछ।

२०. सम्झौताका शर्तहरु यस सूचनामा उल्लेख भएको हकमा सोहीबमोजिम अन्यको हकमा प्रचलित नियमानुसार हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

केशव राज ...
प्रमुख प्रशासकीय अधिकृत